ओरियण्टल होटल्स लिमिटेड

लाजिम्पाट, काठमाण्डौ

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूचि- १४

(नियम २६ को उपनियम १ सँग सम्बन्धित

अनुसुची –१४

आर्थिक वर्ष २०८३/८४ को प्रथम त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण

(क) प्रथम त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान सम्बन्धी विवरण :

१) आर्थिक वर्ष २०८३/८४ मा यस कम्पनीको १ श्रावण २०८३ देखी ३१ आश्विन २०८३ मा समाप्त भएको प्रथम त्रैमासिक अवधिको वार्षिक वित्तीय विवरण, गत बर्ष र यस बर्षको सोही अवधिको तुलनात्मक विवरण अनुसूचि १ मा प्रस्तुत गरिएको छ ।

२) **सम्बन्धित पक्ष बीच भएको कारोबार सम्बन्धी विवरण :**

आर्थिक वर्ष २०८३/८४ को प्रथम त्रैमासिक समिक्षा अवधिमा कम्पनीका सम्बन्धित पक्षहरु बीच होटलको नियमित ब्यवसायिक गतिविधि अन्तर्गत हुने कारोबार बाहेक अन्य कुनै कारोबार नभएको ।

(ख) प्रमुख वित्तिय अनुपातहरु (Key Financial Ratios)

प्रमुख वित्तीय सुचकांक		यस वर्षको प्रथम त्रैमासिक ०१।०४।२०८३ देखि ३१।०६।२०८३ सम्मको	गत वर्ष २०८२।८३ को चौथो त्रैमासिक सम्मको	गत वर्षको प्रथम त्रैमासिक ०१।०४।२०८२ देखि ३१।०६।२०८२ सम्मको
		लेखा परिक्षण नभएको	लेखा परिक्षण भएको	लेखा परिक्षण भएको
डेब्ट इक्युटी अनुपात	अनुपात	०.३६	०.३६	०.३३
शेयर पूंजीकोष आम्दानी	प्रतिशत	(०.०७)	(१.०२)	(०.७६)
प्रति शेयर आम्दानी	रु.	(०.२४)	(३.३१)	(२.५०)
नेटवर्थ प्रति शेयर	रु.	३२३.०२	३२३.३०	३२८.१६
प्रति शेयर कुल स्थिर सम्पत्ति	रु.	१५२.५२	१५२.०१	१३६.३६
प्रति शेयर बजार मूल्य	रु.	६४२	६८२	६७०
मूल्य आम्दानी अनुपात	अनुपात	(२,७१५)	(२०६)	(२६९)
चालू अनुपात	अनुपात	१.८१	१.३०	१.४७

२. **व्यवस्थापकीय विश्लेषण**

(क) यस त्रैमासिक अवधिमा संस्थाको मौज्दात र तरलता सन्तोषजनक नै रहेको छ ।

(ख) आर्थिक वर्ष २०८३/८४ को प्रथम त्रैमासिकको समिक्षा अवधिको अन्त्यमा अर्थात आश्विन ३१, २०८३ सम्मको वित्तिय विवरणहरु र कार्य सम्पादनका सुचांकहरुलाई अघिल्लो आर्थिक वर्षको सोहि अवधिसंग तुलनात्मक रुपले विश्लेषण गर्दा कम्पनिको कुल बिक्रीमा १७.१३ प्रतिशतले बृद्धी भएको छ भने कुल खर्चमा २.२६ प्रतिशतले बृद्धी भएको छ, जसले गर्दा आयकर पश्चात खुद नोक्सानमा रु. २ करोड ६७ लाख ५५ हजारले कमि आएको भएता पनि खुद नोक्शान रु. २८ लाख कायमै रहेको छ ।

कम्पनीको हालको समिक्षा अवधिको कुल बिक्री बढ्नु र कुल घाटा घट्नुको मुख्य कारण यस होटलको पुरानो परिशरको तेस्रो, चौथो र पांचौ तल्लाहरुको ६० वटा कोठाहरुको रिनोभेशन कार्य यस त्रैमासिकको अन्त्यमा सम्पन्न भइ सञ्चालन आएको साथै यसै अवधिमा पर्यटक आगमनमा पनि बृद्धी भएको कारणले गर्दा हो । यदि कोठाहरुको रिनोभेशन कार्य यस त्रैमासिकको शूरुवातमै भएको भए यसै त्रैमासिक देखि नै नाफा हुने प्रक्षेपण गरिएको थियो ।

(ग) पछिल्लो समयको विश्व भू-राजनीतिक तनाव र बिशेषगरी मध्य पूर्वको बढ्दो द्धन्द्धले नेपालको अर्थतन्त्रमा बहुआमिक चुनौतीहरु थपिएको छ । त्यसै गरि जेनजीको आन्दोलन, इरान अमेरिका विच भएको घटना र युक्रेन युद्धले गर्दा आर्थिक वर्ष २०८३/८४ को प्रथम त्रैमासिकमा पनि पर्यटक आगमनमा सोचे अनुसार बृद्धी नभएकोले होटल व्यवसाय, ट्राभल एजेन्सीहरूको आम्दानीमा प्रत्यक्ष असर देखिएको छ ।

(घ) आगामी दिनहरुमा कम्पनिले उपयुक्त अवसरको खोजी गरि अक्युपेन्सी र आम्दानी बढाउनका लागि अपनाउनु पर्ने सबै व्याबसायिक रणनीतिक संयन्त्रहरुको समुचित सदुपयोग गर्दै उपलब्ध अत्याधुनिक साधनहरुको प्रयोग लगायत सबै उपायहरु अवलम्बन गरि कार्य गरिनेछ भने होटल संचालन लागतमा मितव्ययिता अपनाई नियन्त्रणात्मक कार्य योजना अन्तर्गत अनावश्यक खर्च कटौतीलाई जारी राख्दै विविध बजार खण्डमा सुक्ष्म रुपमा प्रवेश गरि आफ्नो व्यावसायिक गतिविधिहरु संचालन जारी राख्नेछ । पुरानो परिशर रिनोभेशन र सर्भिस अपार्टमेन्ट पुर्ण रुपमा संचालन पश्चात अन्य नया होटलहरुसंग प्रतिस्पर्धा गर्न सक्ने सक्षम हुनको साथै व्यवसायको आयमा पनि उल्लेखिनिय बृद्धि हुने लक्ष्य रहेको छ ।

(ङ) सहवित्तियकरण कर्जा एवम् चालू पूजीहरुको साावा व्याज निर्धारित समयमा भुक्तानी गरिएको छ ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण :**

(क) यस त्रैमासिक अबधिमा यस होटल/बिरुद्ध कूनै मूद्दा दायर नभएको ।

(ख) यस कंपनीको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको ।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको ।

४. **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण**

(क) **धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा:**

शेयर मूल्य तथा कारोबार खुल्ला बजारले निर्धारण गरे अनुरुप हुने हुँदा शेयर कारोबार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) **यस अवधिमा कम्पनीको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कूल दिन तथा कारोबार संख्या निम्न अनुशार रहेको :**

बिबरण	अधिकतम मूल्य रु.	न्यूनतम मूल्य रु.	अन्तिम मूल्य रु.	कूल कारोबार संख्या	कारोबार दिन
२०८३।८४ को प्रथम त्रैमासिक अवधिको	६८८	५९०	६४२	९८४	५०

यस कम्पनीले आफ्नो शेयर रजिष्ट्रारको रुपमा श्री एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंलाई मुकरर गरिएको र माथि उल्लिखित विवरण नेपाल स्टक एक्स्चेन्ज लिमिटेडको वेबसाईट www.nepalstock.com मा उपलब्ध रहेको । उपरोक्त वेबसाईटमा उपलब्ध भएको श्रावण १, २०८३ देखि आश्विन ३१, २०८३ को शेयरको तथ्याकंलाई आधार लिईएको ।

५. समस्या तथा चुनौतीहरु :

(क) **समस्या तथा चुनौतीहरु**

आन्तरिक समस्याहरु

(१) यस कम्पनीमा आन्तरिक समस्या नरहेको ।

बाह्य समस्याहरु :

(१) अप्रत्यासित रुपमा जेनजी आन्दोलनले पर्यटन क्षेत्रमा ल्याएको समस्याले पर्यटन क्षेत्रलाई पार्ने असर ।

(२) देशमा नयां नयां होटलहरु निर्माण भई संचालनमा आउने क्रम बढेको तर सोहि अनुपातमा पर्यटकको आगमनमा बृद्धि नहुनु ।

(३) अप्रत्यासित रुपमा घट्ने पर्यटन प्रतिकुलताका राष्ट्रिय र अन्तराष्ट्रिय प्रभाव जस्तै रसिया युकेन र इजराइल हमास र इरान अमेरिका युद्धको असरको प्रभाव ।

(४) पर्यटन उद्योगमा देखिने राजनैतिक अशान्ति, अप्रत्यासित रुपमा हुने बन्द हड्ताल, आन्तरिक पर्यटन प्रबंधनको कमी, पर्यटकिय सार्वजनिक यातायातको अभाव तथा अन्तराष्ट्रिय हवाइ सिट क्षमतामा न्यूनताबाट पर्ने प्रत्यक्ष र अप्रत्यक्ष प्रभावहरु ।

(५) पर्यटन भौतिक पूर्वाधारको विकासको कमी ।

(६) बिदेशी मुद्राको विनिमय दरमा हुने उतार चढाव ।

(७) अन्तराष्ट्रिय रुपमा इन्धनको मुल्यमा भएको बृद्धिले पर्यटकहरुलाई नेपाल आवत जावत गर्ने हवाई भाडा दरमा एक्कासी बृद्धि हुनु ।

(८) अचानक रुपमा आइपर्ने असहज परिस्थितिहरु, प्राकृतिक तथा देवी प्रकोपहरु

(ख) रणनिति

उपरोक्त समस्या तथा चुनौति सामना गर्नुपरेको आवस्थामा पनि ससक्त बजार व्यबस्थापन, होटेलका पाहुनालाई प्रदान गरिने गुणस्तरिय सेवा र सुविधाहरुको निरन्तर स्तरोन्नती, होटेलका सेवा सुविधा सम्बन्धि भौतिक पूर्वाधार र संरचानको स्तर बृद्धि वा प्रतिस्थापन गरि लक्ष्य अनुसारको पर्यटन व्यावसायको बजार बिस्तार गर्ने र होटेलले प्रदान गर्ने सेवाहरुलाइ अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप निरन्तर परिमार्जन गर्दै तदअनुरुप कायम गरि संभावित हानी नोक्शानी कम गर्न व्यवस्थापन चनाखो तथा प्रतिबद्ध छ साथै पुराना ग्राहकहरुलाई बिस्तापित हुन नदिनु र नयां ग्राहकलाई खोजी गर्नु यस कम्पनीको रणनीति रहेको छ । पुरानो परिशर रिनोभेशन र सर्भिस अपार्टमेन्ट पुर्ण रुपमा संचालन पश्चनात अन्य नया होटलहरुसंग प्रतिस्पर्धा गर्न सक्ने सक्षम भई व्यवसायको आयमा पनि उल्लेखिनिय बृद्धि हुने लक्ष्य रहेको छ ।

६ संस्थागत सुशासन

संस्थागत सुशासन अभिबृद्धिका लागि व्यवस्थापनद्धारा पालन गर्नु पर्ने आचरण सम्बन्धी व्यबस्था, संचालकहरुको कर्तब्य र उत्तरदायित्व प्रति, कर्मचारीहरुले पालन गर्नु पर्ने आचरण सम्बन्धी व्यबस्था प्रति, लेखा परिक्षण समिति सम्बन्धी व्यबस्था प्रति र आन्तरिक लेखापरिक्षकले औल्याएका सुझावहरु प्रति व्यवस्थापन पूर्णरुपमा सजग रही पालना गरिएको । यस कम्पनीले नियमकारी निकायद्धारा जारी गरिएका नियम, विनियम र बिभिन्न निर्देशनहरु पूर्ण रुपले पालन गर्दै आएको ।

७. **सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित हुन र निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

Oriental Hotels Ltd Kathmandu NEPAL

.....

विधाता श्रेष्ठ
सह-प्रबन्ध संचालक

मितिः २०८३।७।२६

अनुसूची १

ORIENTAL HOTELS LIMITED
LAZIMPAT, KATHMANDU
STATEMENT OF UNAUDITED FINANCIAL POSITION
For the year ended October 17, 2026 (Aswin 31 2083)

(Amount in NRs.)

	This Quarter Ending on 31st Ashwin 2083	Previous Year Ending on 31st Ashad 2083	Corresponding Previous Year Quarter Ending on 31st Ashwin 2082
	Unaudited	Audited	Audited
ASSETS			
Non-current assets			
Property, Plant and Equipment	5,255,818,267	5,273,645,266	4,885,776,774
Right-of use-assets	311,225,349	320,721,089	358,704,047
Intangible assets	-	-	
Investment Property	41,837,927	41,837,927	43,006,650
Capital Work-In-Progress	226,655,095	184,923,392	12,810,639
Other Non-current assets	-	-	
Total Non- Current Assets	**5,835,536,639**	**5,821,127,675**	**5,300,298,111**
Current assets			
Inventories	116,021,076	117,777,777	116,488,715
Employee Loans	1,369,758	1,430,818	1,402,798
Trade receivables	211,840,609	197,757,751	204,247,314
Cash and cash equivalents	265,658,056	295,792,077	302,874,905
Other current assets	61,382,448	55,544,904	28,891,482
Income Tax Assets	19,868,049	18,637,771	13,961,093
Total Current Assets	**676,139,995**	**686,941,098**	**667,866,307**
Total Assets	**6,511,676,634**	**6,508,068,774**	**5,968,164,419**
EQUITY AND LIABILITIES			
EQUITY			
Share capital	1,184,494,960	1,184,494,960	1,184,494,960
Reserve and Surplus	2,641,638,904	2,645,033,375	2,702,489,073
Total Equity	**3,826,133,864**	**3,829,528,335**	**3,886,984,033**
LIABILITIES			
Non-current liabilities			
Loans and Borrowings	1,302,389,700	1,146,507,278	1,080,809,754
Employee Benefits	40,150,141	37,345,580	36,369,683
Other non-current liabilities	459,169,439	457,509,342	472,307,739
Deferred tax liabilities	509,362,597	509,362,597	37,555,593
Total Non-current Liabilities	**2,311,071,876**	**2,150,724,796**	**1,627,042,769**
Current liabilities			
Loans and Borrowings	88,935,286	221,935,286	188,935,286
Trade payables	195,804,072	200,624,256	144,490,662
Employee Benefits	-	2,804,561	-
Other current liabilities	86,444,490	99,164,494	113,153,854
Provisions	3,287,047	3,287,047	7,557,816
Total current Liabilities	**374,470,894**	**527,815,644**	**454,137,618**
Total Equity and Liabilities	**6,511,676,634**	**6,508,068,774**	**5,968,164,419**

ORIENTAL HOTELS LIMITED
LAZIMPAT, KATHMANDU
STATEMENT OF UNAUDITED INCOME STATEMENT
For the year ended on October 17, 2026 (31st Aswin 2083)

(Amount in NRs.)

Particulars	This Quarter Ending on 31st Ashwin 2083	Previous Year Ending on 31st Ashad 2083	Corresponding Previous Year Quarter Ending on 31st Ashwin 2082
	Unaudited	Audited	Audited
Revenue From Operations	258,492,417	1,001,103,785	219,770,105
Other Income	1,504,224	27,123,261	2,197,952
Gross Profit	**259,996,641**	**1,028,227,046**	**221,968,057**
EXPENSES			
Cost of Food, Provision & Beverage consumed	37,845,831	125,007,659	27,319,274
Operating Supplies & Expenses	47,244,238	211,142,565	45,259,504
Employee Benefits Expense	72,198,820	298,718,633	90,584,320
Depreciation and Amortization Expense	31,926,890	126,350,773	20,014,028
Administrative & General Expenses	40,549,998	172,000,874	54,225,792
Total Expenses	**229,765,777**	**933,220,504**	**237,402,919**
Profit from operations	**30,230,864**	**95,006,542**	**(15,434,862)**
Finance Cost	33,625,335	140,578,207	20,174,524
Profit before Exceptional items and tax	**(3,394,471)**	**(45,571,665)**	**(35,609,386)**
Exceptional items	-	-	-
Amortisation of Deferred Revenue Expenditure	-	-	-
Profit Before Tax	**(3,394,471)**	**(45,571,665)**	**(35,609,386)**
Income Tax Expense	(594,032)	-	(6,053,596)
Deferred Tax	-	(6,339,106)	
Profit from continuing Operations	**(2,800,438)**	**(39,232,559)**	**(29,555,790)**
Net Profit for the year	**(2,800,438)**	**(39,232,559)**	**(29,555,791)**

Note: This Financial Statement is subject to adjustments, if any, arising from the statutory audit or changes made by the Regulatory authority.